# लेखापरीक्षण प्रतिवेदन

# विजयनगर गाउँपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# विजयनगर गाउँपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/608

श्रीमान् अध्यक्ष ज्यू,
विजयनगर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तु ।

**विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/608

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

विजयनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कपिलवस्तु ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन ।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु १ अर्ब ४७ करोड ७१ लाख १२ हजारको लेखापरीक्षणबाट रु. २ करोड ५९ लाख ३५ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु १० लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५५ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८७ लाख १७ हजार र पेश्की बाँकी रु. ६ लाख ३६ हजार गरी जम्मा रु. २ करोड ५९ लाख ३५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १८ करोड ३ लाख ३८ हजार मध्ये रु. १० लाख १९ हजार सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. २० करोड ५२ लाख ५४ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४७ | ९३ | २,५९,३५,३१० | ० | ० | ० | ० | ४७ | ९३ | २,५९,३५,३१० | १०,६३,२८६ | १,८७,१७,३४७ | ५५,१८,८३७ | ० | ० | २,४२,३६,१८४ | ६,३५,८४० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कपिलवस्तु | १८०३३८००० | ० | १०,१९,५४५ | १७,९३,१८,४५५ | ० | २,५९,३५,३१० | २०,५२,५३,७६५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **गत वर्षसम्मको संपरीक्षणः** | | | | |
| १ | २०८०/८१ | ५९ | १५ शैयाको अस्पताल भवन निर्माण १५।२०७८।७९ | ८,८५,२५६ |
| २ | २०७९/८० | ६१.१ | निशुल्क पाठ्यपुस्तक | १,३४,२८९ |
| **जम्मा** | | | | **१०,१९,५४५** |

# विजयनगर गाउँपालिका, कपिलवस्तु

## ( ८०५४९५०३३०० )

## विजयनगर गाउँपालिका , कपिलबस्तु

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमाविधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालनगर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीयसेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ७ वडा ३९ सभा सदस्यरहेको छ भने क्षेत्रफल १७.१९ वर्ग किलोमिटर तथा ४३९४५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब,वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२२ देखि २०८२।९। १० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको , आय तर्फ रु. ७४ करोड ३ लाख ३३ हजार ६२७ र व्ययतर्फ रु.७३ करोड ६७ लाख ७८ हजार ४४ गरी जम्मा रु.१ अर्ब ४७ करोड ७१ लाख ११ हजार ६७१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत

विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ आर्थिक कारोवारको स्थिति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ।पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **सुरुमौज्दात** | | ५८२१५७७५.९७ | **चालु खर्च** | | ३३७६२०९३६.४ |
| १.संचित कोष | २५७४३९८३.६१ | | १. पालिकातर्फ | १३९२८६२०४.७ | |
| २.धरौटी | १७०४९०९८ | | २.संघीय सशर्त | १९७३५४७३१.६ | |
| ३.विविधखर्च खाता | १४९२२६९४.०४ | | ३.संघीय विशेष | ० | |
| ४. अन्यकोष | ५००००० | | ४.प्रदेश सशर्त | ९८०००० | |
| प्रकोपब्यवस्थापन कोष खाता | ०.३२ | | | | |
| **यसवर्षको आय** | ० | | ५.प्रदेश विशेष | ० | |
| **१.आन्तरिकआय** | २०५११७७७.३२ | २०५११७७७.३२ | **पुँजीगत खर्च** | | १९९१००२०३.९ |
| **२.वित्तीय हस्तान्तरण (संघ)** | | ४९१६५३८४४.५ | १.पालिका तर्फ | ११८१९८९००.९ | |
| क)समानीकरण अनुदान | १०६९९२१६० | | २.संघीय सशर्त | ४५६४५४०४ | |
| ख)राजस्व बाँडफाँट | १०६७५४८९४.५ | | ३.संघीय विशेष | १४७५६२४७ | |
| ग) सशर्तअनुदान | २५२१५०५८२ | | ४.संघीय समपुरक | १०६८०७२२ | |
| घ)समपुरक अनुदान | १०९९१२०८ | | ५.प्रदेश सशर्त | ५७८४८४५ | |
| ङ) विशेषअनुदान | १४७६५००० | | ६.प्रदेश विशेष | ० | |
| च)रोयल्टी | | | ७.प्रदेश समपुरक | ४०३४०८५ | |
| छ) अन्य | | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | १७१२८३९१५ |
| **३.वित्तीय हस्तान्तरण (प्रदेश)** | | ४०१३८९२० | **१३.स्थानीयपूर्वाधार सहयोग कार्यक्रम** | १३९८५४२० | |
| क)समानीकरण अनुदान | ७९९८००० | | **१४.सामाजिकसुरक्षा तथा समरक्षण** | १५६८०१४९५ | |
| ख)राजस्व बाँडफाँट | ९३७२७२१.७९ | | **१५.घरेलु तथासाना उद्दोग पर्वधन केन्द्र** | ४९७००० | |
| ग) सशर्तअनुदान | ६९०७०४८ | | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | |
| घ)समपुरक अनुदान | ५३७६२०४ | | **ऋण फिर्ता(साँवा)** | | |
| ङ) विशेषअनुदान | ० | | **ऋणको ब्याज भुक्तानी** | | |
| च)रोयल्टी र आय ठेक्काबापत | १०४८४९४६.०१ | | **धरौटी फिर्ता तथा सदर स्याहा** | | |
| छ) अन्य | | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | |
| **४.अन्तर सरकारी अख्तियारी (संघ)** | | | **अन्य कोषबाट भएको खर्च** | | |
| क)सामाजिक सुरक्षा | | | **गैरसरकारी संस्थाबाट सञ्चालितयोजना** | | |
| ख)गरिबसँग विशेश्वर कार्यक्रम | | | **अन्य सहयोगमा सञ्चालित योजना** | | |
| ............. | | | **विविध खर्च खाता** | ४५३३९३०.८३ | ४५३३९३०.८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| **५. अन्तरसरकारी अख्तियारी (प्रदेश)** | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | १३२८५०५१.२५ | १३२८५०५१.२५ |
| **६. ऋण/वित्तीय व्यवस्था** | | | १.संघ तर्फ फिर्ता | | ९४६७६८५.३७ |
| **७. धरौटीआय** | ९००५५०२.२५ | ९००५५०२.२५ | क) सशर्त अनुदान | ८८३७९६०.३७ | |
| **८.विविध खर्च खाता** | ७७३९६६९.०४ | ७७३९६६९.०४ | ख) विशेष अनुदान | ८७५३ | |
| **९. अन्यकोषको आय** | | | ग) समपुरक अनुदान | ६२०९७२ | |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | २.प्रदेश तर्फ फिर्ता | | १४८६३२२ |
| **११. अन्य सहयोगमा प्रास सञ्चालितयोजना** | | | क) सशर्त अनुदान | १४४२०३ | |
| **१२. अन्यआय भएमा** | | १७१२८३९१५ | ख) विशेष अनुदान | ० | |
| **१३.स्थानीयपूर्वधार सहयोग कार्यक्रम** | १३९८५४२० | | ग) समपुरक अनुदान | १३४२११९ | |
| **१४.सामाजिकसुरक्षा तथा समरक्षण** | १५६८०१४९५ | | **अन्तिम मौज्दात** | | ६१७७१३५९.२३ |
| १५.घरेलुतथा साना उद्योय पर्वधन केन्द्र | ४९७००० | | १. संचित कोषको मौज्दात | ३०३७३३७७.६६ | |
| **१६** | | | २. धरौटी | १२७६९५४९ | |
| | | | **३. विविध खर्च खाता** | १८१२८४३२.२५ | |
| | | | ४. अन्यकोष र प्रकोप व्यवस्थापन | ५००००.३२ | |
| **जम्मा** | | **७९८५४९४०३.८८** | **जम्मा** | | ७९८५४९४०३.८८ |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ ।त्यस्तै म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भीडान गर्नुपर्दछ। पालिकाको तयार गरेको एकिकृत वित्तिय विवरण अनुसार गत वर्षको मौज्दात रु.५ करोड ८२ लाख १५ हजार ७७५ रहेकोमा म.ले.प.फा.नं.२७० अनुसार गत वर्षको मौज्दात रु.५ करोड ८२ लाख १९ हजार ५७ रहेको छ । जसवाट एकिकृत वित्तीय विवरणमा म.ले.प.फा.नं.२७० मा भन्दा रु.३ हजार २८२ बैक मौज्दात कम जिम्मेवारी सारेकोमा यस सम्वन्धमा हिसाव मिलान गरी पेश गरेको छैन । मौज्दातमा फरक सम्वन्धमा हिसाव मिलान गर्नुपर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय प्रतिवेदनको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५ करोड ६८ लाख १ हजार, स्थानीय पुर्वाधार सहयोग कार्यक्रमको रु.१ करोड ३९ लाख ८५ हजार, घरेलु तथा साना उद्योग प्रवर्धनको रु. ४ लाख ९७ हजार समेत गरी रु.१६ करोड ७६ लाख ३९ हजार एकीकृत वार्षिक वित्तीय प्रतिवेदनमा समावेस गरेको छैन।जसले गर्दा सुत्रवाट तयार भएको वित्तीय विवरण समेत पुर्ण नहुँदा पालिकाको आर्थिक अवस्थाको चित्रण गरेको छैन ।तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **कोष तथा धरौटी खाता**

उल्लेखित प्राप्ति र भुक्तानीको विवरणमा धरौटी, विविध खर्च तथा प्रकोप व्यवस्थापन कोषको विस्तृत विवरण वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसुचीमा निम्न बमोजिम रहेको छ।

| कोषको नाम | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|
| विविध खर्च खाता | १४९२२६९४.०४ | ७७३९६६९.०४ | ४५३३९३०.८३ | १८१२८४३२.२५ |
| विविध कोष खाता | ५००००० | 0 | 0 | ५००००० |
| धरौटी | १७०४९०९८ | ९००५५०२ | १३२८५०५१ | १२७६९५४९ |

उल्लेखित रकम मध्ये विविध कोषमा रहेको रु.५ लाख कर्मचारी कल्याण कोषवाट ट्रान्सफर गरि राखेको पाईयो उक्त रकम स्थानीय संञ्चितकोष फिर्ता हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५ **कोषहरुको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तिको अभिलेख पेश राख्नुपर्दछ।

६ **अनुदान फिर्ता**

विनियोजन ऐन, २०८१ को दफा ६(१०) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।त्यसैगरी लुम्विनी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रू.९४ लाख ६७ हजार संघीय सञ्चित कोषमा र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका अनुदानतर्फको खर्च नभई बचत भएको रू.१४ लाख ८६ हजार २०८१।८२ भित्रै फिर्ता गरेको छ।

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.६५ करोड ६८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२६ पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण तर्जुमा गरेको पाइएन । जसले गर्दा आय अनुमान रु.६५ करोड ६८

लाख भएकोमा प्राप्ति ५४ करोड १६ लाख (८२.४६ प्रतिशत) तथा वजेट खर्च ५३ करोड ७० लाख (८१.७ प्रतिशत) रहेको छ। साथै आन्तरिक आयको समेत न्यून प्रक्षेपण तथा प्राप्ति रहेको छ। आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणका लागि ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

## ९ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ३ को ३.५.५ सँग सम्बन्धित अनुसूची ११ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार पालिकास्तरका कुल १६१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १६१ | २३ | ४० | ९८ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३१ योजनामात्र कार्यान्वयन भई रु. १ करोड ६१ लाख ६६ हजारका ३० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखी र रोजगारी सृजना गर्ने तथा कार्यान्वियनयोग्य योजनाहरु कार्यान्वयन गर्नुपर्दछ।

## १० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| ब.उ.शि.नं. | कुल खर्च | | त्रैमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| ३०८०३१२०४ | २१३३९८ | २६०३७ | ३४३०१ | १५९३७ | १३७१२३ | १०५६९७ |
| **प्रतिशत** | | **१२.२०** | **१६.०७** | **७.४६** | **६४.२५** | **४९.५३** |

आयोजनाबाट प्राप्त विवरण अनुसार कूल पूँजीगत खर्च मध्ये प्रथम त्रैमासिकमा १२.२० प्रतिशत, दोस्रो त्रैमासिकमा १६.०७ प्रतिशत, तेस्रो त्रैमासिकमा ७.४६ प्रतिशत, चौथो त्रैमासिकमा ६४.2५ र असार महिनामा मात्र 49.५३ प्रतिशत खर्च भएको छ। आर्थिक वर्षको अन्त्यमा बढी खर्च गर्दा निर्माण कार्यको अनुगमनमा कठिनाई हुने र गुणस्तरमा समेत असर पर्न सक्ने हुँदा प्रत्येक त्रैमासिकमा लक्ष्य अनुरुप खर्च गर्ने गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु पर्दछ।

## ११ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ।पालिकाले देहायअनुसार आर्थिक वर्ष २०८१।८२ का लागि स्वीकृत भएको रू. २ करोड १८ लाख ६० हजार बराबरको २८ योजना तथा कार्यक्रम (चालु तथा पूँजीगत) लाई हिउँदे अधिवेशनमा कार्यक्रम संसोधन तथा रकमान्तर गरी नयाँ ५५ योजना तथा कार्यक्रममा रू.२ करोड १८ लाख ६० हजार रकमान्तर गरेको छ।उक्त रकम शुरु

३.३४ वजेटको तुलनामा प्रतिशत रहेको छ।कानून वमोजिम रकमान्तर गर्न सक्ने व्यवस्था भए पनि अधिकांस योजना तथा कार्यक्रमहरु नयाँ थप गरिएको देखिन्छ।सुरु योजना छनौटलाई वस्तुनिष्ट वनाई विनियोजन भएका कार्यक्रम तथा योजनाहरुमा मात्र रकमान्तर हुनुपर्दछ।

## १२ पुँजीगत तर्फ वित्तीय प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक निकायले अनुनुची २ वमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ। कानूनले तोके वमोजिमको प्रगति विवरण तयार गरेको देखिएन। कानून वमोजिमको प्रगती विवरण तयार गरी समिक्षा तथा सुधार गरी तोकेको लक्ष्य वमोजिमको उपलब्धि हासिल हुनुपर्दछ। पालिकाको सुत्रमा रहेको पुजीगत तर्फको वित्तीय प्रगति अवस्था निम्नानुसार रहेको पाइयो।

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|
| ३११११ आवासीय भवन निर्माण/ खरिद | २,९०,००,०००.०० | २,३९,७७,७८४.०० | ८२.६८ |
| ३१११२ गैर आवासीय भवन निर्माण/ खरिद | ५९,००,०००.०० | ५५,५७,२४०.०० | ९४.१९ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३,२४,५०,०००.०० | ३,२३,८०,७३२.०० | ९९.७९ |
| ३१११४ जग्गा विकास कार्य | १५,५०,०००.०० | १०,९५,८१३.०० | ७०.७ |
| ३११२२ मेशिनरी तथा औजार | १,६५,३०,०००.०० | १,४०,२२,०८९.०० | ८४.८३ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १,७०,००,०००.०० | १,५७,६४,६६१.०० | ९२.७३ |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | १,००,००,०००.०० | ४८,५५,१५२.५० | ४८.५५ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ० | ० | ० |
| ३११३५ पूँजीगत परामर्श खर्च | १५,००,०००.०० | ११,३१,९००.०० | ७५.४५ |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | १,५०,०००.०० | ० | ० |
| ३११५१ सडक तथा पूल निर्माण | ९,६०,१०,०००.०० | ७,१२,३२,५२१.८३ | ७४.१९ |
| ३११५३ विद्युत संरचना निर्माण | १०,००,०००.०० | ९,९७,०६१.०० | ९९.७१ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १५,५०,०००.०० | ५,६७,३३४.०० | ३६.६ |
| ३११५५ सिंचाई संरचना निर्माण | २,००,०००.०० | ० | ० |
| ३११५६ खानेपानी संरचना निर्माण | ४३,३५,०००.०० | २४,४६,७१८.०० | ५६.४४ |
| ३११५८ सरसफाई संरचना निर्माण | ११,५०,०००.०० | ९,०४,३९२.०० | ७८.६४ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २,५८,९७,४०८.६५ | २,१०,३८,४६६.५२ | ८१.२३ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३८,२१,०००.०० | ३४,४०,८२५.०० | ९०.०५ |
| जम्मा | २४,८०,४३,४०८.६५ | १९,९४,१२,६८९.८५ | ८०.३९ |

## १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। पुर्वाधार विकास तथा आर्थिक विकासमा कुल खर्चको ३२.१९ प्रतिशत मात्र खर्च भएकोले उक्त क्षेत्रमा स्रोत बढाउनुपर्ने देखिन्छ।

| क्र.सं. | क्षेत्र/ उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,२६,३३,०००.०० | १,७८,४२,२३२.५० | ३.३२ |
| २ | सामाजिक विकास | १८,५२,५४,५००.०० | १५,४२,८४,१००.६३ | २८.७३ |
| ३ | पूर्वाधार विकास | १९,०३,३३,४०८.६५ | १५,५०,४६,२३०.३५ | २८.८७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३६,२८,०००.०० | १,१३,३६,५५७.०० | २.११ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१,५०,३९,५००.०० | १९,८५,२४,५०५.७२ | ३६.९७ |
| कुल जम्मा | | ६५,६८,८८,४०८.६५ | ५३,७०,३३,६२६.२० | |

## १४ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था वमोजिम विभिन्न कानुन वनाई कार्यान्वयनमा ल्याएकोमा यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | १२१७ | १२१७ |
| मृत्युदर्ता | ३३५ | ३३५ |
| बसाईसराई दर्ता | ३५० | ३५० |
| विवाह दर्ता | ३७५ | ३७५ |
| सम्बन्धविच्छेद दर्ता | १९ | १९ |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | | |
| कालोपत्रे सडक मर्मत | | |
| ग्राभेल सडक निर्माण | | |
| ग्राभेल सडक मर्मत | | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवाको अभिलेख व्यवस्थित गरेको देखिएन। सबै प्रकारका सेवाको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

## १५ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ४० लाख ४७ हजार भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## १६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा मेलमिलाप तथा विवाद निरुपणका गत वर्षको वाँकी २७ र यो वर्षको २९ समेत ५६ मध्ये ४७ फर्स्यौट भई ९ उजुरी वाँकी रहेको देखिन्छ। उजुरीहरु तोकिएको समयभित्र टुङ्गो लगाउनुपर्ने देखिन्छ ।

## १७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिकनियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

बजेट व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क खडा गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

खरिद व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य काठ जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी दररेट पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिमसरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याङ्कन नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र

सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

शिक्षा तर्फ

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको विरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको देखिएन,

• कार्यक्रम कार्यान्वियन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन भएको देखिएन,

• स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्कIEMIS अद्यावधिक गरेकोछैन।

विविध

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको,

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको मापदण्ड तयार नगरेको,

• बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा गरीएको परिपत्र दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

ईन्धन तर्फ

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भएतापनि सवारी साधन अनुरूप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको,

उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ ।

१८ **विल भरपाई तथा गोश्वरा भौचर प्रमाणित नभएको** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) बमोजिम भुक्तानी गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा

संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष भुक्तानी गरेका अधिकांस विल भरपाई तथा गोश्वरा भौचरमा कार्यालय प्रमुखवाट प्रमाणीत गरेको देखिएन।विल भरपाई प्रमाणीत नभएको अवस्थामा भुक्तानी सम्वन्धमा कार्यालयवाट एकिन गरेको सम्वन्धमा आश्वस्त हुन सक्ने देखिएन।जिम्मेवार पदाधिकारीले आफ्नो पदिय दायित्व अनुसार विल भरपाईको जाँच तथा परीक्षण गरी स्वीकृत गर्नुपर्दछ ।

१९ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाको सुत्र अन्तर्गतको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण भएको छैन।आन्तरिक लेखापरीक्षण नभएको अवस्थामा आन्तरिक नियन्त्रण कमजोर हुने हुँदा कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२० **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।**

कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

२१ **संगठन तथा कर्मचारी व्यवस्थापन**

२१.१ **तलवी प्रतिवेदन-** लुम्बीनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७० को उपदफा ४ वमोजिम प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रकको कार्यालय वा प्रदेश लेखा ईकाईवाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| त्यस्तै उपदफा ५ वमोजिम तलबी प्रतिवेदन पारित नगरी तलव भुक्तानी गरेमा भुक्तानी दिने अधिकारीवाट असुल गरिने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु.२ करोड २४ लाख १५ हजार र पालिकाकातर्फ कर्मचारीको रु.१ करोड ७७ लाख ९५ हजार गरी रु.४ करोड २ लाख १० हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा भुक्तानी भएको ग्रेड रकम एकिन गर्ने सक्ने अवस्था रहेको छैन । अत कानून वमोजिम तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

२१.२ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत तथा स्वास्थ्य तर्फका समेत ६० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३३ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृतस्तर पदहरु लगायत विभिन्न २७ पदहरु रिक्त रहेका छन्। पालिकाले रिक्त पदहरु लोकसेवा आयोगमा पदपूर्तिका लागि माग गरेकोमा पदपूर्ति भइ नआएको जनाएको छ।

२१.३ **करार कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले विभिन्न पदमा ४३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१ करोड ५५ लाख खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना स्वीकृत दरवन्दी बाहिरको सहायक चौथो लगाएतका १६ जना करारमा नियुक्ती गरी यस वर्ष तलब भत्ता बापत रु.४५ लाख ७६ हजार १५० भुक्तानी गरेको छ।पालिकाले उक्त पदहरुमा विगत वर्ष देखी कार्यरत रहेको जनाएको छ।यसरी स्वीकृत दरबन्दी वेगरको पदमा करारमा नियुक्ति गरी तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४५,७६,१५० |

२१.४ **प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।पालिकाले सभाबाट निर्णय गराई सभावाट स्वीकृत पालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७९ (३.२) अनुसार कर्मचारीहरुले नियमित कार्यालय समय भन्दा अतिरिक्त समय तथा सार्वजनिक विदाको दिनमा समेत काम गरेमा, नियमित रुपमा अनुशासित भई आफुले तोकेको जिम्मेवारी पुरा गरेमा स्थायी कर्मचारीहरुलाई मासिक तलवमानको २० प्रतिशत थप भत्ता उपलव्ध गराउने व्यवस्था रहेको छ।साथै उक्त कार्यविधिको अनुसुची- १ र २ वमोजिमको विवरण भरि प्रमाणित गरी सोको आधारमा प्रोत्साहन भत्ता खर्च लेख्नुपर्नेमा यो वर्ष पालिकाले रु.१४ लाख ५६ हजार प्रोत्साहन भत्ता वापत भुक्तानी गरेकोमा उल्लेखित शर्तहरु पुरा भएको अनुसुची - १ र २ वमोजिमको अभिलेख प्रमाणित गरी राखेको छैन।यस्तो भत्ता यो वर्षको आन्तरिक आय रु.२ करोड ५ लाख हजारको ८ प्रतिशत हुन आउँदछ।कार्यविधिले तोकेको प्रकृया पुरा भएको अभिलेख संलग्न गरी आन्तरिक आय तथा कार्यवोझ तथा उपलब्धि समेतलाई विचार गरी भत्ता भुक्तानी गर्नुपर्दछ । साथै कार्यविधिको अनुसुची- १ र २ वमोजिमको विवरण भरि प्रमाणित गरी भुक्तानी नभएकोले उक्त खर्च एकिन गर्न नसकिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,५६,००० |

२२ **सूचनाको हक सम्वर्धन तथा संरक्षण**

सूचनाको हक सम्वन्धि ऐन, २०६४, सूचनाको हक सम्वन्धी नियमावली, २०६५वमोजिम नागरिकको सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सम्वन्धमा देहायको अवस्थाहरु रहेकोमा सोको कार्यान्वियन अवस्था देहाय वमोजिम रहेको छ

- पालिकाले सूचना अधिकारी तोक्नुपर्ने व्यवस्था वमोजिम सूचना अधिकारी तोकेको पाईयो ।
- पालिकाले आफ्नो सूचनाहरुको बर्गीकरण गर्नुपर्नेमा गरेको पाईएन ।
- सार्वजनिक निकायले तीन तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण बेभसाईट मार्फत सार्वजनिक गरेको पाईयो ।
- पालिकाको आफ्नो वेभसाईट रहेको तथा सोको नियमित अद्यावधिक गरेको पाईयो ।
- सार्वजनिक निकायले माग गरेको सूचना रउपलब्ध गराएको सूचनाको छुट्टै अभिलेख राखेको छैन ।

अत: कानून वमोजिम सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सम्वन्धमा ध्यान पुर्याउनुपर्ने देखिन्छ।

२३ **विविध खर्च**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शीर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम बजेट खर्च गर्दा मितव्ययी हुने गरी औचित्यताको आधारमा खर्च

गर्नुपर्ने उल्लेख छ।पालिकाको सुत्र (SUTRA) को विवरण अनुसार विविध तथा अतिथि सत्कार खर्चमा पालिकाले कुल रु.१५ लाख खर्च गरेको छ जुन पालिकाको कुल आन्तरिक आय रु.२ करोड ५ लाख ८ हजार को ७.३१ प्रतिशत हुन आउँछ ।त्यस अतिरिक्त वडाहरुको विविध तर्फ छुटै खर्च गरेको छ।विविध खर्च अन्तर्गत अधिकाशं खर्च खाजा, खाना, पानी, चिया नास्ता लगायत खाजा खानाको बिल पेश हुने गरेको धेरैको प्रयोजन खुलेको देखिदैन।पालिकाले विविध खर्चमा नियन्त्रण गर्न खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

२४ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५, ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान नियम ९९ को उपनियम ४ वमोजिम मर्मत गर्नुपर्नेको हकमा तिन महिना भित्र तथा लिलाम गर्नुपर्नेको हकमा नियम १०६ वमोजिम गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धि व्यहोरा देहायमा उल्लेख छन ।

•जिन्सी निरीक्षण: कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा ५ थान चारपाङ्गे, २२ थान दुईपाङ्गे सवारी, ४६ थान ल्यापटप, ६२ थान प्रिन्टर, ४७ थान डेक्स्टप कम्प्युटर लगायतको विभिन्न सामग्री मौज्दात रहेको देखिन्छ। जस मध्ये १ थान दुईपाङ्गे सवारी, ४ थान ल्यापटप, १८ थान प्रिन्टर, ११ थान डेक्स्टप कम्प्यूटर लगायत विभिन्न सामाग्रीहरु बिग्रेको अवस्थामा रहेको, साथै ५ थान डेक्स्टप कम्प्यूटर र ७ थान प्रिन्टर लिलाम गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा देखिएका कैफियत, जिन्सीको मर्मत सम्भार, लिलामी/विक्रि र मिन्हा लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रूपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन । अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्वन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वस्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनी पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६(२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याङ्कन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

२५ **खर्चको प्रकृति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही तर्जुमा गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने, जन जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा अनुत्पादक र वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो ।यस्तो योजना र कार्यक्रमहरुले

पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्‍याउने तथा पालिकाको आर्थिक व्यभार बढन गई आगामी दिनमा प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

| भौ नं. र मिति | कार्यक्रमको विवरण | भुक्तानी |
|---|---|---|
| २७३।८१।९।२९ | स्वास्थ्य विमा कार्यक्रम प्रति परिवार पचास प्रतिशत अनुदान १०६२ जनालाई | १९८१८८९ |
| २२१।८१।३।२४ | खानेपानी मिटर जडान वडा नं ७ मा १०० वटा | २५०००० |
| ६७/२०८१/०६/२१ | तिज मिलन कार्यक्रमवापतको खर्च | १२२५९० |
| ८७/२०८१/०७/०९ | सांस्कृतिक तथा जन चेतनामूलक कार्यक्रम | ५०००० |
| ११९/२०८१/०७/१४ | चाडपर्व मेला महोत्सव तथा संस्कृति संरक्षण | २०००० |
| २०६/२०८१/०८/२६ | कालरात्री विशेष सांस्कृतिक कार्यक्रम आयोजना | ५०००० |
| | जम्मा | २४७४४७९ |

२६ **अवलोकन भ्रमण खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा कर्मचारी तथा जनप्रतिनिधीहरुको अध्ययन अवलोकन भ्रमणको लागि आर्थिक वर्ष २०८१।८२ को वार्षिक योजना तथा कार्यक्रममै बजेट व्यवस्था गरेको पाइयो। पालिकाले यो वर्ष विभिन्न समयमा पालिका अन्तर्गतका पदाधिकारी तथा कर्मचारीहरु समावेश गरी रु.६ लाख ९९ हजार, वडा नं.१ को पदाधिकारी कर्मचारीको रु.२ लाख, वडा नं.२ को पदाधिकारी कर्मचारीको रु.२ लाख, वडा नं.४ को पदाधिकारी कर्मचारीको रु.१ लाख तथा वडा नं.६ को पदाधिकारी कर्मचारीको रु.२ लाख ९९ गरी विभिन्न स्थानको अवलोकन भ्रमणमा रु.१३ लाख ९९ हजार खर्च लेखेको छ । यस्तो कार्यक्रमहरुले स्थानीयस्तरमा उपलब्धि प्राप्त नहुने भएकोले यस्तो जिम्मेवार पदाधिकारीले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२७ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत एक सामुदायिक वन भए पनि सो अनुसार रकम प्राप्त भएको देखिएन । सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्दा विक्रि वाट प्राप्त रकमको दश प्रतिशतले आउने रकम प्राप्त गर्ने सम्वन्धमा कारवाही हुनुपर्दछ ।

२८ **राजस्व वक्यौता**

आय ठेक्काको सम्झौता वमोजिमको रकम तोकेको समयमा दाखिला हुनुपर्ने गरी आय ठेक्काको सम्झौतामा व्यवस्था गरिएको छ । त्यस्तै सम्झौताको सर्तमा किस्ता तोकेको समयमा दाखिला नभएमा प्रति दिन ०.०५ प्रतिशत प्रतिशतका दरले जरिवाना असुली गर्नुपर्ने व्यवस्था रहेको छ।निम्न पोखरिहरुको सम्झौता वमोजिमोजिमको किस्ता वुझाउन वाँकी देखियो उक्त रकम रु.७ लाख ५७ हजार २८ कानून वमोजिमको जरिवाना सहित असुल हुनुपर्ने रु.

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | ८०।८१ सम्मको बाँकी | बाँकी रकम ८१।८२ | यो बर्ष सम्मको बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुरेश कुमार चौहान लोनिया | डगडौवा पोखरी | १५३०००।- | १२२४००।- | २७५४००।– | –हर्जना बाहेक |
| २ | जगराम भर | जमकुडवा ताल | २०१००।– | १२००००।- | १४०१००।- | –हर्जना बाहेक |
| ३ | अजय चौधरी | महादेव पोखरी | ४५७५०।- | ४५७५०। | ९०५००। | –हर्जना बाहेक |
| ४ | रहमतुल्ला खाँ | मधुनगर गाउँ पूर्व पोखरी | | १४६२१ हर्जना बाँकी र किस्ता रकम रु.२२६२५० असुल गर्न बाँकी | २४०८७१।– | हर्जना र किस्ता |
| ५ | समसुल कमर मुसलमान | वघमरवा गाउँ पश्चिम पोखरी | | १०१५७।–हर्जना असुल गर्न मात्र बाकी | १०१५७। | |
| | | | | जम्मा | ७५७०२८ | |
| | | | | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५७,०२८ |

२९ **संघीय संञ्चितकोष दाखिला गर्नुपर्ने**

गो.भौ.नं. १७।२०८२।३।१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये खर्च नभई बाँकी रहेकोमा स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। संघीय सरकारबाट हस्तान्तरीत पूँजीगत कार्यक्रमको विभू निर्माण सेवाको बेरुजु रकम रु.१२,४३,०००. असुल गरेकोमा संघीय संञ्चितकोष दाखिला गर्नुपर्नेमा पालिकाको राजस्व खातामा दाखिला गरेकोले उक्त रकम संघीय बेरुजु खातामा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४३,००० |

३० **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

३१ **असूली**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छ ।गत वर्ष भन्दा यस वर्ष राजश्व वढेको देखिए पनि धेरै राजश्व शिर्षकहरुमा अनुमानको तुलनामा न्युन राजश्व प्राप्त भएको छ । राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

| | २०८१।८२ | | | | २०८०।८१ | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | राजस्वसंकेत | आम्दानीशीर्षक | अनुमान | आम्दानी | राजस्वसंकेत | आम्दानी |
| १ | २ | ३ | ४ | ७ | २ | ७ |
| १ | ११३१३ | सम्पती कर | २४,७५,०००.०० | ८३,०१,३४४.५० | ११३१३ | ३८,३१,९४ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ४९,५००.०० | ० | ११३१४ | ० |
| ३ | ११३१७ | वहालकर | १,९८,०००.०० | २,३३,९२६.८२ | ११३१७ | २,७३,३०१. |
| ४ | ११३१८ | वहालविटौरी कर | ६०,००,०००.०० | १३,००,७९५.०० | ११३१८ | १९,८०,७० |
| ५ | ११४५१ | सवारीसाधन कर (साना सवारी) | ० | ३७,५००.०० | ११४५१ | १,५००.०० |
| ६ | ११६९१ | अन्यकर | ९९,०००.०० | १०,०००.०० | ११६९१ | ४६,८००.० |
| ७ | १४१५१ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | २७,७२,०००.०० | १६,७४,५४८.०० | १४१५१ | ८,६८,१९६. |
| ८ | १४२१३ | अन्यबिक्रीबाट प्राप्त रकम | ९,९००.०० | ० | १४२१३ | ० |
| ९ | १४२१८ | विद्युतसेवा शुल्क | ० | ६,४००.०० | १४२१८ | १०,०००.० |
| १० | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | ० | ५,३१,०५५.०० | १४२१९ | २,३७,०३०. |
| ११ | १४२२१ | न्यायिकदस्तूर | ९,९००.०० | ३,२००.०० | १४२२१ | ६,२००.०० |
| १२ | १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | ९९,०००.०० | १,२१,३००.०० | १४२२३ | ६९,६००.० |
| १३ | १४२२४ | परीक्षाशुल्क | २९,७००.०० | ८,७००.०० | १४२२४ | ० |
| १४ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ४,९५,०००.०० | ७,६३,८१०.०० | १४२२५ | २,२३,५०५. |
| १५ | १४२४२ | नक्सापासदस्तुर | ९९,०००.०० | १९,१००.०० | १४२२९ | २३,९९८.८ |
| १६ | १४२४३ | सिफारिशदस्तुर | ७,९२,०००.०० | २८,४८,३८०.०० | १४२४२ | ९,७३,३१५. |
| १७ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | २,९७,०००.०० | ६,३५,८००.०० | १४२४३ | ३,४६,४००. |
| १८ | १४२४५ | नाताप्रमाणित दस्तुर | ९९,०००.०० | १,३५,३००.०० | १४२४४ | १,२१,८००. |
| १९ | १४२४९ | अन्यदस्तुर | ४,९५,०००.०० | १,६५,८००.०० | १४२४५ | २,३६,५००. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ३०,००,०००.०० | ४,६९,५५०.०० | १४२४९ | ८,७२,५००. |
| २१ | १४२६२ | विद्युतसम्बन्धी दस्तुर | ० | १,५०,७००.०० | १४२५३ | १,५२,२९८. |
| २२ | १४२६५ | अन्यक्षेत्रको आय | ९९,०००.०० | ० | १४२६२ | ० |
| २३ | १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ४९,५००.०० | २,०८,६९९.०० | १४२६५ | १,५५,७२०. |
| २४ | १४३१३ | धरौटीसदरस्याहा | ९,९००.०० | ० | १४३१२ | ० |
| २५ | १४५२९ | अन्यराजस्व | १०,००,०००.०० | ७,६००.०० | १४३१३ | १,२७,८००. |
| २६ | १४६११ | व्यवसायकर | ० | २,००,३५०.०० | १४२२५ | 121300 |
| २७ | १५१११ | बेरूजू | २०,००,०००.०० | २६,७४,६३७.०० | १५१११ | ७,७०,४१८. |
| | | जम्मा | २,०१,७७,४००.०० | २,०५,०८,४९५.३२ | | १,१४,५०,८ |

३२ **आय ठेक्का :**

स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय मूल्याङ्कनवाट तोकिएको परिमाणमा ढुङ्गा गिट्टी वालुवा तथा माटोजन्य वस्तुको विक्रि गर्ने सक्ने व्यवस्था रहेको छ। गाउँपालिका भएर निम्नानुसारका खोला तथा घाटहरुको ७३ हजार ४०० घन मीटरको रु.२ करोड ७ लाख ३४ हजार वरावरको नदिजन्य पदार्थ आय विक्रि गर्न सकिने देखिएकोमा निम्नानुसारको चिराई खोलाको मात्र १८५५० घनमिटरको रु.५२ लाख ३९ हजार ४०० को मात्र विक्रि भई वाँकी खोलाको सम्वन्धमा सुचनासम्म गरेको देखिएन। चोरी निकासी नियन्त्रण तथा स्थानीय संग सहजीकरण गरी समयमानै राजश्वको ठेक्का पट्टा हुनुपर्दछ ।

| क्रम सं | विवरण | उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | रकम रु. |
|---|---|---|---|
| १ | विसहवा खोला | ११००० | ३१०७२८० |
| २ | गंगटे खोला | १९५०० | ५५०८३६० |
| ३ | चिराई खोला विभिन्न नाका | ३०५०० | ८६१५६४० |
| ४ | सुख्खा खोला | १२४०० | ४३६६०४ |
| | जम्मा | ७३४०० | २०७३४०३२ |

३३ **गैर सरकारी संस्था मार्फत खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समायवधी, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गरी तोकिएको खरिद प्रक्रिया पुरा गरी खरिद गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले उल्लेखित व्यवस्था अनुरुप क्रियाकलापगत लागत अनुमान तयार नगरी वजेटलाई आधार बनाई कोटेशन माग गरी खर्च लेखेको छ। यसरी एकमुष्ठ बजेटको आधारमा कोटेशन माग गरी खरिद गर्नु कानून वमोजिम देखिदैन। यसका केही उदाहरण निम्नअनुसार रहेका छन्:

| क सं | गो.भौ.नं. र मिति | विवरण | संस्थाको नाम | रकम |
|---|---|---|---|---|
| १ | ११०९।२०८२।३।२३ | अपाङ्गता खण्डिकृत तथ्याङ्क संकलन | सम्मृद्धि सामुदायिक विकास सेवा केन्द्र | ९९४४० |
| २ | १०३२।२०८२।३।१८ | क्षमता अभिवृद्धि तालिम | अतुल्य कन्सल्टेन्सी प्रा लि | ९७५१९ |
| ३ | १००२।२०८२।३।१६ | जनप्रतिनिधी र कर्मचारीहरुको आन्तरिक पर्यटनका लागि अवलोकन भ्रमण | नेपाल विकास केन्द्र | २२५००० |
| ४ | ९९८।२०८२।३।१६ | आप्रपासन पार्श्वचित्र निर्माण | पिपुल्स केयर कन्सल्टेन्सी प्रालि | ४९७२०० |
| ५ | ९८९।२०८२।३।१६ | महिलाहरुलाई आयमुलक योजना तथा कार्यक्रम | सुन्दर भविष्य निर्माण समिति | ४८७५०७ |
| ६ | ९७५।२०८२।३।१६ | प्लम्बिङ्ग सम्बन्धी आधारभूत तालिम | माता शिद्धकाली मल्टिपर्पोज प्रालि | १९८८८० |
| ७ | ९५७।२०८२।३।१५ | दलित संस्कृति संरक्षणका लागि अन्तर्क्रिया कार्यक्रम | क्रियाशन दर्शन मिडिया | ९२५२० |
| ८ | ९४१।२०८२।३।१५ | सञ्चारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम | प्रेश चौतारी नेपाल | १००००० |
| ९ | ८८९।२०८२।३।१२ | डोरीतान प्रतियोगिता सञ्चालन | कपिलवस्तु जिल्ला डोरीतान संघ | ४००००० |
| १० | ८०५।२०८२।३।५ | जनप्रतिनिधी र कर्मचारीहरुको आन्तरिक पर्यटनका लागि अध्ययन अवलोकन भ्रमण | नेपाल विकास केन्द्र | ४९६०७० |
| ११ | ७१६।२०८२।२।२२ | स्वास्थ्य शिविर सञ्चालन | सम्मृद्धि सामुदायिक विकास सेवा केन्द्र | १९७७५० |
| | | | जम्मा | |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को १ क(१) वमोजिम परामर्श सेवाको हकमा रु.५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था रहेको छ ।त्यस्तै सोही नियमको उपनियम १(ख) वमोजिम एक आर्थिक वर्षमा एउटै व्याक्ति, फर्म वा संस्थावाट एकै पटक वा पटक पटक गरी उक्त सिमा भन्दा वढीको खरिद कार्य गर्न नसकिने व्यवस्था रहेको छ । उल्लेखित अनुसार क्रम संख्या ३ र १० को जनप्रतिनिधी र कर्मचारीहरुको आन्तरिक पर्यटनका लागि अध्ययन अवलोकन भ्रमण नेपाल विकास केन्द्र मार्फत गरी रु.७ लाख २१ हजार ७० भुक्तानी भएकोले उक्त खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,२१,०७० |

## ३४ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हान गर्नुपर्ने उल्लेख छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई १७ विभिन्न टुक्रामा विभिन्न आपूर्तिकर्ताबाट रु. १ करोड ६ लाख ११ हजारको सोझै खरिद खर्च गरेको छ जसवाट खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन। सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्ने तर्फ ध्यान दिनुपर्दछ।

## ३५ डि.पि.आर

सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९(१क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। यो वर्ष पालिकाले निम्नानुसार रु.९ लाख ८९ हजार खर्च लेखेको छ ।

| क्र.सं | परामर्श सेवाको विवरण | परामर्शदाता | लागत अनुमान | खर्च रकम | आयोजनाको कुल लागत | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|---|
| | | | (भ्याट रकन्टेन्जेन्सी सहित) | (भ्याट सहित) | | |
| १ | पत्थरदेईया स्वास्थ्य चौकीको भवन निर्माण | दुरदर्शी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ४,९९,८८८.०६ | ४,९४,००० | २,७४,२२,१५७.७० | प्रक्रियामा रहेको |
| २ | भुवनेश्वरी मावि भवन निर्माण | हातेमालो इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रालि | ४,९९,८८२.४६ | ४,९५,००० | ५,३३,८८,२६२.७८ | प्रक्रियामा रहेको |
| **जम्मा** | | | | **९,८९,०००** | | |

पालिकाको कर्मचारीले गर्न नसक्ने अवस्थामा मात्र परामर्श सेवा लिने तथा हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख व्यवस्थित गरी कार्यान्वियन गर्नुपर्दछ।

३६ **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम**

नेपाल सरकार र बेलायत सरकारको सहकार्यमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लागू हुनेगरी यस स्थानीय तहमा स्थानीय पूर्वाधार सेवा प्रवाह मार्फत स्थानीय तहको क्षमता अभिवृद्धि गर्दै स्थानीय शासन व्यवस्था सुद्बढ गर्ने उद्देश्यसाथ यस पालिकाले सम्झौता गरेको छ। स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ को बुँदा नं ५ मा विभिन्न ८ वटा विषयक्षेत्रमा आयोजना सञ्चालन गर्न सक्ने र बुँदा नं ११ मा पूँजीगत अनुदानको बाडँफाटँको व्यवस्था रहेको छ। सोही अनुसार गाउँपालिकाले निम्नअनुसारका विभिन्न २ वटा योजना सञ्चालन गरेको छ र ति योजना सञ्चालनको क्रममा गाउँपालिकाबाट योगदान गर्नुपर्ने रकम संघ तथा प्रदेशको अनुदान रकमलाई पालिकाको अशं भनी योजना सञ्चालन गरेको छ।

| सि.नं. | योजनाको नाम | सम्झौता रकम | कूल खर्च | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गा.पा. तर्फ (२०%) | LISP तर्फ(८०%) | कूल खर्च | |
| १ | खडैचा खजानी आर टि ओ देखि छटपाटि सम्म सडक कालोपत्रे वडा नं ६ | ११७३२८०२.९१ | २१११८१४ | ८४४७२५८ | १०५५९०७२ | संघ सर्शत |
| २ | ढोडरी,वडसडवा वडा नं ५ हुलाकी सडक सम्म कालोपत्रे | ११५८३३८१.९७ | ० | ५५३८१६२.७९ | ५५३८१६२.७९ | संघ सर्शत |

उल्लेखित योजना मध्ये ढोडरी,वडसडवा वडा नं ५ हुलाकी सडक सम्म कालोपत्रेको कार्यसम्पन्न नभएकोमा पालिकाले यस वर्ष भएको कूल मूल्याङ्कन रकम रु.५५३८१६२.७९ मध्ये सम्पूर्ण खर्च स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट नै व्यहोरेको छ। पालिकाले आफ्नो योगदानको रकम आर्थिक वर्ष २०८२।८३ मा बाँकी रहेको कार्य सम्पन्न पश्चात भुक्तानी गर्दा व्यहोर्नुपर्दछ।

३७ **१५ शैयाको अस्पताल निर्माण** – पन्ध्र शैयाको अस्पताल भवन निर्माणको लागि २०७९।८० लागत अनुमान रु.१८ करोड ३३ लाख ७४ हजार स्वीकृत गरी वोलपत्र द्धारा वि.कोई।नवशिर्जनशिल जेभीसँग रु.१८ करोड १६ लाख ७१ हजार(मूल्यअभिवृद्धि कर सहित)मा २०८०।०३।१५ भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०७९।०१।२१ मा सम्झौता भएको थियो।सुरु सम्झौतामा भेरियसनवाट खरिद सम्झौता रु.१९ करोड २० लाख २८ हजार (५.७०)कायम भएको छ।निर्माण कार्यको म्याद समाप्त भएकोमा ठेक्काको अवधि २०८१।१।२१ कायम गरीएको छ।निर्माण कार्य २०८०।८१ मा सम्पन्न गरी मूल्य समायोजन समेत रु.१९ करोड ६९ लाख ७५ हजार ५९२ को विल पेश भएकोमा यो वर्ष पेश्की फस्र्यौट रु.१ करोड ३० लाख समेत रु.५ करोड २४ लाख ७ हजार २७० भुक्तानी भएको छ । निर्माण सम्पन्न उक्त भवन उद्देश्य अनुरुप संचालन गरीसेवा प्रवाह हुनुपर्दछ ।

सूचक फ्रिज नगरी मूल्य समायोजनको रकम भुक्तानी - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९(२ख) वमोजिम सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी मूल्य समायोजनको सुत्र निर्धारण गर्नुपर्ने तथा सोही अनुसार खरिद सम्झौतामा उल्लेख गरी मूल्य समायोजन गर्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै खरिद सम्झौताको सर्तमा समायोजनको भार तथा ईन्डेक्स र गणना गर्ने सुत्र निर्धाररण गरेको छ । निर्माण कार्यको म्याद थप हुँदा थप आर्थिक भार नपार्ने गरी गर्नुपर्नेमा सो वमोजिम नगरेकोले म्याद थप पछिको अवधिको ईन्डेक्स वढेका कारण निम्नानुसार वढी मूल्य समायोजन भएको छ । सुरु कार्य सम्पन्न गर्नुपर्ने अवधि २०८१।३।१५ को एक महिना अगाडी मे/जुन २०२४ ईन्डेक्स फ्रिज गरी समायोज हुने अवधिको ईन्डेक्स र फ्रिज ईन्डेक्स जुन कम छ सो अनुसार गणना गरी मूल्य समायोजन भुक्तानी गर्नुपर्नेमा सो विपरित निम्नानुसार रु.९ लाख ९ हजार ८०६ वढी समायोजन भएको छ । निर्माण व्यवसायीको कारणले म्याद थप गर्ने अवस्थामा मूल्य समायोजन समेत ईन्डेक्स फ्रिज गरी समायोज हुने अवधिको ईन्डेक्स र फ्रिज ईन्डेक्स जुन कम छ सो अनुसार गणना गरी मूल्य समायोजन भुक्तानी गर्ने सम्वन्धमा म्याद थपको निर्णय गर्दा नै निर्णय गरी सोको कार्यान्वयन समेत हुनुपर्दछ ।

| विलनं | LO | Mo | Eo | Ln | Mn | En | समायोजनहुनुपर्ने ईन्डेक्स | समायोजन गरेको ईन्डेक्स | वढी ईन्डेक्स | विलरकम | व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 5 | 533.1 | 134.44 | 122.93 | 582.08 | 141.6 | 133 | 0.051149588 | 0.07 | 0.01885 | 4773390 | 8 |
| 6 | 533.1 | 134.44 | 122.93 | 587 | 141.6 | 133 | 0.052349363 | 0.058 | 0.005651 | 20604665 | 1 |
| 7 | 533.1 | 134.44 | 122.93 | 587 | 134.78 | 133 | 0.017346388 | 0.037 | 0.019654 | 2082530 | 4 |
| 8 | 533.1 | 134.44 | 122.93 | 587 | 134.78 | 133 | 0.017346388 | 0.037 | 0.019654 | 33707134 | 6 |
| | | | | | | | | | | | |

३८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाले निम्न संस्थालाई दिएको गत वर्ष दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.६ लाख ३५ हजार ८४० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|
| | | | | यस आ.व.को बाँकी | गत आ.व.को म्याद नाघेको | जम्मा पेश्की |
| १ | १३०। ०९/ १७/ २०८० | पानी तथा बिजुली | नेपाल विधुत प्राधिकरण | | ३५,०४०.० | ३५,०४०.० |
| २ | २०२। १०/ २६/ २०८० | पानी तथा बिजुली | नेपाल विधुत प्राधिकरण | | ४०,०००.० | ४०,०००.० |
| ३ | १०। ०२/ २०/ २०८१ | महादेव डालपुर नयाँवस्ती नौरङ्गिया जबाबैराठ सडक स्तरोन्नती वडा न १ र ५ | ने वि प्रा धरौटी | | ३,६०,८००.० | ३,६०,८००.० |
| ४ | १०७। ०२/ २०/ २०८१ | भु.पु.ज्योतिनगर लिफ्ट सिचाईका लागी १६०० मि. विद्युत विस्तार | ने वि प्रा धरौटी | | २,००,०००.० | २,००,०००.० |
| | | | | | | **६३५८४०** |

| पेश्की | ६,३५,८४० |
|---|---|

३९ **निर्माण व्यवसायीको पेश्की**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ तथा खरिद सम्झौताको शर्त वमोजिम दिएको पेश्की सम्झौतामा उल्लेख भए वमोजिम फर्स्यौट गर्नुपर्दछ। पालिकाले प्रशासनिक भवन निर्माणको सिभिल एम एस जे भीलाई रु. ६८ लाख २० हजार पेश्की दिएको छ । उक्त पेश्की म्याद ननाघेतापनि अभिलेख राखि खरिद सम्झौताको शर्त अनुसार फर्स्यौट हुनुपर्ने देखिन्छ ।

४० **प्रशासकिय भवन निर्माण**

गाउँपालिकाको प्रशासकिय भवन निर्माणको लागि लागत अनुमान रु.५ करोड ३६ लाख ५५ हजार (मू.अ.कर समेत) अनुमान गरी बोलपत्रद्धारा निर्माण व्यवसायी सिभिल एल एस टेस्टिङ कन्ट्रक्सनको कवोल अंक रु.३ करोड ९१ लाख ९० हजार (मू.अ.कर समेत) स्वीकृत गरी २०८३।३।१५ भित्र कार्य सम्पन्न गर्नेगरी २०८१ चैत्र १७ मा सम्झौता भएको थियो।निर्माण कार्य अनतरगत यो वर्ष दश प्रतिशत पेश्की रु.६८ लाख २० हजार र भुक्तानी भएको छ ।भवन निर्माण कार्यको डिजाईनमा सवै भागमा मेट फाउण्डेसन नभएकोले संभावित जोखिम कार्यालयलेनै व्यहोर्नु पर्दछ भनी निर्माण व्यवसायीले २०८२।४।२० मा कार्यालयलाई जानकारी गराएकोमा सोको सम्वन्धमा कार्यालयले थप स्पष्ट गरेको देखिएन ।भवन निर्माण जस्तो संवेदनशिल विषयमा सोको डिजाईन सम्वन्धमा समयमानै ध्यान दिनुपर्ने देखिन्छ ।

४१ **उत्कृष्ट विद्यालय**

३७७।०८२।३।१९ शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१।८२ अनुसार स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्दतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने र उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्धितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने व्यवस्था गरेको छ। पालिकाले माध्यामिक र आधारभुत तर्फ छुट्टा छट्टै मूल्याङ्कन गरी ५ विद्यालयलाई उत्कृष्ट घोषणा गरी निम्नानुसार भुक्तानी गरेको छ।मा वि प्रथम दुई विद्यालयलाई पुरस्कार दिएकोले संघीय संचितकोष दाखिला हुनुपर्ने रु.

| सि नं | विद्यालयको नाम | नतिजा | भुक्तानी रकम |
|---|---|---|---|
| १ | दुधाधारी मा वि | मा वि द्बितिय | २००००० |
| २ | लौटन मावि | मा वि प्रथम | ३००००० |
| ३ | मंगल प्रसाद आवि | आ वि प्रथम | ३००००० |
| ४ | जनजागृत मा वि लहरौला | मा वि प्रथम | ३००००० |
| जम्मा | | | ८००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

४२ **महोत्सव तथा अन्य खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर पालिकाले यस वर्ष बजेटमै उत्सव महोत्सव, दिवस, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.२० लाख ९४ हजार खर्च गरेको छ। यसका केही उदाहरण निम्नप्रकार रहेका छन्। यसप्रकारका खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| सि.न. | महोत्सव/जात्रा/पर्व | खर्च रकम |
|---|---|---|
| १ | रामनवामिको अवसरमा पुजा पाठ तथा अन्य कार्यक्रम | ७५००० |
| २ | हनुमाननगर श्रीरामपुर माघ संक्रान्ती मेला कार्यक्रम | ५०००० |
| ३ | मुस्लिम धर्मावलम्विहरुको मोहरम पर्व | ७५००० |
| ४ | गौरीघाट लोकसांस्कृतिक कार्यक्रम पर्यटन तथा खेलकुद मेला | २००००० |
| ५ | गायत्री महायज्ञ सहयोग दुधाधारी बाबा मन्दिर | २००००० |
| ६ | विष्णु महायज्ञ कार्यक्रम | ५०००० |
| ७ | नहान मेलामा सहयोग | १००००० |

४३ **शैक्षिक गुणस्तर**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त वनाउन स्थनिय तहवाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन तयार गरेको छैन । तसर्थ गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्दछ ।

४४ **विद्यालयगत निकासा रजिस्टर्ड**

आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।

४५ **स्यानिटरी प्याड वितरणको प्रमाण**

गाँउपालिकाले यस वर्ष सशर्त अनुदान अन्तर्गत सामुदायिक बिद्यालयका कक्षा ६-१० सम्मका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड वितरणका लागि गो.भौ.१४६ मिति ०८१।११।२७ मा २४० एम एमका १२००० थान प्याकेट सेनीटरी प्याड रु ७० का दरले ९०३८४० मू अ कर समेत मा खरिद गरेको छ। सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि, २०७६ मा खरिद गर्नुपर्ने स्यानिटरी प्याडको साईज तथा गुणस्तर तोकिएकोमा पालिकाले खरिद गरेको स्यानिटरी प्याड तोकिएको गुणस्तर बमोजिम प्राप्त भएको भनी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको देखिएन। कार्यविधिको परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था छ। त्यसैगरी उक्त कार्यविधिको बुदा नं.६ अनुसार विद्यालयले छात्राहरुलाई सेनिटरी प्याड वितरण गरेको विवरण छात्राहरुको नाम, नामेसी स्पष्ट खुल्ने गरी भर्पाई अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो सम्बन्धित विद्यालयका विद्यार्थीहरुले बुझिलिएको भर्पाई पेश भएको छैन। अतः विद्यालयलाई पठाएको स्यानिटरी प्याडको सम्बन्धमा कार्यविधीले तोकेवमोजिम अभिलेख राख्नुपर्दछ।

४६ **छात्रवृत्ति**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ अनुसार प्रति विद्यार्थी रु ४०० का दरले अन्य छात्रवृत्तिमा दोहोरो नपर्ने गरी दलित छात्रवृत्ति रकम उपलव्ध गराउने व्यवस्था गरेको छ। पालिकाले शैक्षिक सत्र २०८१ को IEMIS मा उल्लेखित विद्यार्थि संख्या भन्दा वढी संख्यामा निम्न विद्यालयहरुलाई निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम ठेगाना | निकासा दिएको दलित छात्र विद्यार्थी सङ्ख्या १-5 | २०८१/०८२ ईमिस अनुसार संख्या | बढी निकासा विद्यार्थी संख्या | रकम |
|---|---|---|---|---|
| श्री दुधाधारी मा.वि, विजयनगर १ गुगौली | १२२ | ५४ | ६८ | २७२०० |
| श्री भुवनेश्वरी मा.वि,विजयनगर ३ जगदीशपुर | ९२ | ४४ | ४८ | १९२०० |
| श्री जन जागृति मा.वि,विजयनगर २ लोहरौला | ९ | २ | ७ | २८०० |
| श्री नेपाल तारा मा.वि, विजयनगर २ महुवाबारी | ३९ | २३ | १६ | ६४०० |
| श्री शिव मा.वि,विजयनगर ५ डालपुर | ११२ | ५७ | ५५ | २२००० |
| श्री लौटन राम द्रोपदी देवी मा.वि, विजयनगर ७ | ६६ | ३७ | २९ | ११६०० |
| श्री आधारभूत विद्यालय,विजयनगर १ थरौली | १२ | ११ | १ | ४०० |
| श्री आधारभूत विद्यालय,विजयनगर १ नेवलागंज | १४ | ११ | ३ | १२०० |
| श्री जनज्योति आधारभूत विद्यालय, विजयनगर ४ | ४९ | ३१ | १८ | ७२०० |
| श्री त्रिनेत्र माध्यमिक विद्यालय,विजयनगर ७ | १५६ | ९६ | ६० | २४००० |
| श्री जनज्योति आधारभूत विद्यालय,विजयनगर ७ मानपुर | ७५ | ५१ | २४ | ९६०० |
| श्री रामशरण आधारभूत विद्यालय,विजयनगर ६ | ५६ | ५५ | १ | ४०० |
| श्री हरिबोध माध्यमिक विद्यालय,विजयनगर ६ | ७८ | ६० | १८ | ७२०० |
| श्री पंचजन आधारभूत विजयनगर ३ महदेइया | १७९ | ९६ | ८३ | ३३२०० |
| श्री बघमरवा आधारभूत विद्यालय, विजयनगर ५ | ८२ | ४२ | ४० | १६००० |
| श्री मंगल प्रसाद स्वतन्त्रता गुप्ता आधारभूत विद्यालय, विजयनगर ६ | १६० | ७९ | ८१ | ३२४०० |
| श्री महाकाली प्रा.वि,विजयनगर ४ बेतनी | १६ | ७ | ९ | ३६०० |
| श्री मदरसा अहिले सून्नत गरीब नवाज नैमिया, विजयनगर २ | ६ | ४ | २ | ८०० |
| श्री मदरसा अहिले सून्नत फैजाने मुस्तफा,विजयनगर ५ | १२ | १ | ११ | ४४०० |
| श्री अहिले सून्नत फैजे गौसिया विजयनगर ५ पिपरी | १८ | ९ | ९ | ३६०० |
| श्री मिस्वाहुल उलूम विजयनगर ३ कडियार | २८ | १५ | १३ | ५२०० |
| श्री मदरसा दारुत तौहिद प्रा.वि.५ कटुवा | ५० | ३० | २० | ८००० |
| जम्मा | १४३१ | ८१५ | ६१६ | २४६४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४६,४०० |

४७ **परम्परागत विद्यालय अनुदान**

शिक्षा कार्यक्रम कार्यान्वियन कार्यविधी २०८१।८२ अनुसार अनुमति प्राप्त गरी संचालनमा रहेका हरेक वर्ष विद्यालयस्तरिय शैक्षिक तथ्याङ्क भरेका परम्परागत विद्यालय (गुरुकुल आश्रम गुम्बा विहार मदरसा) धार्मिक विद्यालय अनुदान उपलव्ध गराउने व्यवस्था छ । साथै हरेक वर्ष विद्यालयस्तरिय शैक्षिक तथ्याङ्क भरेका धार्मिक विद्यालयलाई विद्यार्थी संख्या यकिन गरी पाठ्यपुस्तक छात्रवृत्ति सेनेटरी प्याड एवंमदिवा खाजा वापतको रकम सम्वन्धित शीर्षकहरुबाट अनुदान दिने उल्लेख गरेको छ। कार्यविधीले तोकेको भन्दा फरक शीर्षकमा पालिकाले निकासा गरेको रकम नियमित गर्नुपर्ने रु.

| विद्यालयकोनाम ठेगाना | बालविकास | कक्षा१ का लागि निरन्तर मुल्याङकन प्रोफाइल निर्माण | विद्यार्थी संख्या १-५ | विद्यार्थी संख्या ६-८ | बालविकास प्रति विद्यार्थी रु१०० | कक्षा १ का लागि निरन्तर मुल्याङकन प्रोफाइल निर्माण प्रति विद्यार्थी रु१०० | विद्यार्थी संख्या १-५प्रति विद्यार्थी रु१५० | विद्यार्थी संख्या ६-८ प्रति विद्यार्थी रु२०० | विद्यालयसंचालन तथा व्यवस्थापन अनुदान | जम्मानिकासा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री मदरसा अहलेसुन्नत फैजाने नइमिया,जलहिया | ० | ६० | १३२ | ० | ० | ६००० | १९८०० | ० | १४००० | ३९८०० |
| श्रीमदरसा अहिले सून्नत गरीब नवाज नैमिया, विजयनगर २ महुवादुधार | ४२ | ५२ | १४२ | ० | २१००० | ५२०० | २१३०० | ० | १४००० | ६१५०० |
| श्रीमदरसा अहले सून्नत चिस्तिया फैजुल उलुम प्रा.वि.विजनयगर ४ डगडौवा | ० | १०० | १४० | १८ | ० | १०००० | २१००० | ३६०० | १४००० | ४८६०० |
| श्रीमदरसा दारुत तौहिद प्रा.वि.५ कटुवा | ० | ४९ | १४१ | ० | ० | ४९०० | २११५० | ० | १४००० | ४००५० |
| श्रीमदरसा जामिया रजविया लिलबनात विजयनगर ४ डगडौवा | ० | ४८ | ११२ | ० | ० | ४८०० | १६८०० | ० | १४००० | ३५६०० |
| श्रीमदरसा अहले सून्नत नैमिया रफिकुल उलूम, पत्थरदेइया | ० | ४० | १९२ | २१ | ० | ४००० | २८८०० | ४२०० | १४००० | ५१००० |
| श्रीमदरसा समसुल उलुम नईमिया प्रा.वि.४ देउपुरा | ० | १७ | ३७ | ० | ० | १७०० | ५५५० | ० | १४००० | २१२५० |
| श्रीमदरसा अहले सून्नत फैजुल उलुम प्रा.वि.विजनयगर ३ कडिहार | ० | ४६ | ८६ | ० | ० | ४६०० | १२९०० | ० | १४००० | ३१५०० |
| श्रीमदरसा अहले सून्नत फैजाने गौसिया प्रा.वि.विजनयगर ७ गणेशपुर | ० | २८ | ७२ | ० | ० | २८०० | १०८०० | ० | १४००० | २७६०० |
| श्रीमदरसा अहिले सुन्नत गौसिया प्रा.वि, दत्तपुर | ० | ६९ | २०९ | ३९ | ० | ६९०० | ३१३५० | ७८०० | १४००० | ६००५० |
| श्रीमिस्वहुल उलूम, कडियार | ० | ४१ | १०२ | ० | ० | ४१०० | १५३०० | ० | १४००० | ३३४०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रीमदरसा अहले सून्नत नुरी विजनयगर १ गुगौली | ० | ३८ | ८५ | ० | ० | ३८०० | १२७५० | ० | १४००० | ३०५५० |
| श्रीमदरसा अहिले सून्नत फैजाने मुस्तफा,विजयनगर ५ जोगिनिया | ० | ७० | १२५ | ० | ० | ७००० | १८७५० | ० | १४००० | ३९७५० |
| श्रीअहिले सून्नत फैजे गौसिया, पिपरी | ० | ९५ | १२५ | ११ | ० | ९५०० | १८७५० | २२०० | १४००० | ४४४५० |
| श्रीमदरसा अहले सून्नत कदिरिया फैजुल उलूम, बरगदवा | ० | ९८ | १७८ | ० | ० | ९८०० | २६७०० | ० | १४००० | ५०५०० |
| श्रीमदरसा हनफिया रजविया, पत्थरदेइया | ० | २८ | १०२ | १९ | ० | २८०० | १५३०० | ३८०० | १४००० | ३५९०० |
| श्रीमदरसा अहले सून्नत गुल्सनेररजा, महदेइया | ० | २७ | १०० | ० | ० | २७०० | १५००० | ० | १४००० | ३१७०० |
| जामियालिल बनात उम्मुल खैर गर्ल्स विद्यालय विजयनगर ४ बरगदवा | ० | ५९ | १९४ | ० | ० | ५९०० | २९१०० | ० | १४००० | ४९००० |
| जम्मा | | | | | | | | | २५२००० | ७३२२०० |

| | |
|---|---|
| अनियमित भएको | ७,३२,२०० |

## ४८ शुन्य दरवन्दी भएका विद्यालयलाई थप अनुदान

शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१।८२ अनुसार शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका समुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान उपलाव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले एकमुष्ठ अनुदान प्राप्त विद्यालयलाई विद्यार्थी संख्या यकिन गरी पाठ्यपुस्तक, छात्रवृत्ति एवंम दिवा खाजा वापतको रकम मात्र सम्वन्धित शीर्षकहरुबाट अनुदान दिने उल्लेख गरेको छ। कार्यविधीले तोकेको भन्दा फरक शीर्षकमा समेत पालिकाले निकासा गरेको रकम असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | सामाजिक परीक्षण | विद्यालय सुधार योजना | विद्यालय इन्टरनेट जडान तथा संचालन | जम्मा |
|---|---|---|---|---|
| महाकाली प्रा वि | १०००० | १५००० | १२००० | ३७००० |
| रामनारायण मोइ प्रा वि | १०००० | १५००० | १२००० | ३७००० |
| अर्रा प्रा वि | १०००० | १५००० | १२००० | ३७००० |
| ज्योति वाल शिक्षा प्रा वि | १०००० | १५००० | १२००० | ३७००० |
| जन चेतना प्रा वि | १०००० | १५००० | १२००० | ३७००० |
| जम्मा | | | | १८५००० |

| | |
|---|---|
| अनियमित भएको | १,८५,००० |

## ४९ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक

शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१।८२ अनुसार प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक रु.१०,०००।० विद्यालय सहयोगी रु. ८,०००।० र विद्यालय कर्मचारी रु.१३,५००।० का दरले संघ ससर्त अनुदानवाट उपलव्ध गराउनुपर्ने व्यवस्था रहेको देखीन्छ । पालिकाले श्रावण देखि कार्तिक महिना सम्मको निकासा गर्दा रु.१५,१२,०००।० पालिका तर्फवाट सहभागिता गर्नुपर्ने रकम समेत संघ सशर्तवाट निकासा गरेको देखिएकोले संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,१२,००० |

## ५० शिक्षकको तलव भत्ता अनुदान

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ। शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ। स्थानीय तहले कार्यान्वयन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची -१ बमोजिमको फाराम भरी २०८० माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अपर्याप्त हुने देखिएमा सिफारिस शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीय तहका लागि स्वीकृत शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि पालिका अन्तर्गत धार्मिक विद्यालय वाहेक विद्यालयमा माध्यामिक विद्यालयतर्फ १:४२ आधारभूत विद्यालयतर्फ १:८९ तथा प्राथमिक विद्यालयतर्फ १:१०६ रहेकोमा दरवन्दि समायोजन नगरी पालिकाले सशर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी सशर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका माध्यामिक तहका १० शिक्षकको लागि रु.२० लाख ५७ हजार, आधारभूत तहका १० जना शिक्षकको लागि रु.२३ लाख ३९ हजार तथा प्राथमिक तहका २५ शिक्षकको लागि रु.५३ लाख १८ हजार समेत जम्मा रु.९७ लाख १४ हजार थप अनुदान राजश्व बाँडफाँड तथा आन्तरिक श्रोतवाट उपलब्ध गराएको देखियो। विद्यार्थी संख्या धेरै भएका विद्यालयहरुमा मात्र अनुदान खर्च लेख्न विद्यालयका शिक्षकको दरवन्दी मिलान गर्नुपर्ने देखिन्छ।

## ५१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोछ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो वाटो, मोटर बाटो सफाई, फलफूल खोतीका (एभोकाडो, सुन्तला, आँप, सिलटिमुर, किवि आदी) लागि खाडल खन्ने कार्य गरेको कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७५ जनालाई रोजगारी उपलव्ध गराई रु.४० लाख ७२ हजार खर्च गरेको छ। लक्षित वर्गलाई ९९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।यसमा सुधार हुनुपर्दछ ।

## ५२ विल भरपाई नभएको :

१५८।८२।३।१७ आर्थिक कायर्विधी तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ को उप दफा ५ अनुसार खर्च गर्दा खर्च रकम पुष्टि हुने विल भर्पाई संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था।विल भरपाई संलग्न नगरी खर्च गरेको व्यहोरा देहायमा उल्लेख छ ।

मधुनगर खानेपानी योजनाको लागि ट्रान्सफरमर खरिद तथा जडानको लागि रु.४,७५,४३०।० को विल भरपाई पेश भएकोमा रु.४,९१,५५९।० भुक्तानी भएको छ । विल भरपाई भन्दा वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,१६९ |

५३ **समता रणनीति कार्यान्वयन योजना तयार**

शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१।८२ अनुसार यस कार्यक्रमका लागि समता सूचक (Equity Index) का आधारमा छनोट भएका अनुसूची-३ मा उल्लेखित स्थानीय तहले सबै बालबालिकालाई विद्यालय शिक्षा सुनिश्चित गर्न विद्यालयबाहिर रहेका बालबालिकाको विस्तृत सर्वेक्षण गर्ने । विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने सुनिश्चितता, सिकाइ निरन्तरता र सिकाइ उपलब्धि अभिवृद्धि लगायतका रणनीतिहरू तय गरी समता रणनीति कार्यान्वयन योजना (Equity Strategy Implementation Plan-ESIP) गाउँशिक्षा योजनाको अभिन्न अंगका रूपमा निर्माण गरी स्वीकृत गर्ने, स्वीकृत समता रणनीति कार्यान्वयन योजना अनुरूप विद्यार्थी भर्ना सुनिश्चितता, सिकाइ निरन्तरता तथा सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी कार्यक्रम तय गरी कार्यान्वयन गर्न तथा कार्यक्रमका लागि स्थानीय बजेट थप गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय शिक्षा सुनिश्चितता भएको घोषणा गर्ने उल्लेख गरेको छ । पालिकाले यस कार्यक्रमका लागि समता रणनीति कार्यान्वयन योजना तयारीका लागि रु.४,९३,५५०।० भुक्तानी गरेको छ तर समता रणनीति कार्यान्वयन योजना तयार गरी स्वीकृत गरेको देखिन। उक्त योजना तयार तथा स्वीकृत गरी पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९३,५५० |

५४ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न कार्यक्रममा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो। यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | खर्च लेखेको शीर्षक | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | संघीय सरकारबाट हस्तान्तरीत पूँजीगत (विशेष) | १९ वटा विद्यालयहरु | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता बापतको पुरस्कार भत्ता | १९४००० |
| २ | संघीय सरकारबाट हस्तान्तरीत पूँजीगत (विशेष) | बालजी यादव | विजयनगर गाउँपालिका प्राध्यानाध्यापकहरुको शौक्षिक अवलोकन भ्रमण | २९९२१४ |
| ३ | संघीय सरकारबाट हस्तान्तरीत पूँजीगत (विशेष) | पालिका अन्तर्गतका विद्यालयका प्राध्यानाध्यापक | विद्यालयका प्रध्यानाध्यापकहरुलाई झोला तथा डायरी वितरण | १७५८०० |

५५ **उपभोक्ता समिति मार्फत सडक तथा नाला निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ। गाउँपालिका अन्तर्गतका अधिकांश सडक निर्माणका कार्यमा पालिकाले उपभोक्ता समितिसँग सडक निर्माणको लागि सम्झौता गर्ने र उपभोक्ता समितिले ऐनमा भएको व्यवस्था अनुसार रोगजारी सिर्जना र लाभग्राही समुदायलाई नै सहभागि नगराई सप्लायर्ससँग निर्माण साम्रगी खरिद गर्ने र निर्माण व्यवसायीसँग उपकरण भाडामा लिएर निर्माण कार्य भएको देखियो।यस वर्ष पालिकाले न्यूनतम रु.६० हजारदेखि अधिकतम रु.१३ लाख ८८ हजारसम्मका कूल योजनामा रु.१ करोड ६० लाख ९३ हजार खर्च लेखेको छ। पालिकाले आगामी दिनमा स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने र निर्माण कार्यमा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना हुने कार्यमा मात्रै उपभोक्ता समितिमार्फत कार्य गराउनेतर्फ ध्यान दिनुपर्दछ।

५६ **वढी तलव निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण कागजात संलग्न गर्नुपर्ने र संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।पालिकाले

भौ नं ८५ वाट लतव निकासा गर्दा भुवनेश्वरी माध्यामिक विद्यालयका शिक्षक रोशन कडेलको मंसिर महिनाको तलव भत्ता रकम रु.४३,६८९।० निकासा गर्नुपर्नेमा रु.८७,३७८।० निकासा भएकोले वढी निकासा रकम असुलगर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,६८९ |

५७ **विशेष अनुदान**

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुँदा नं. ९ अनुदान रकम निकासा तथा खर्च प्रक्रियाको (२) मा विशेष अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना वा कार्यक्रममा खर्च गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ। गाउँपालिकाले यस आथिक वर्षमा निम्नानुसारका योजनाका लागि कार्यविधि विपरीत उपभोक्ता समिति गठन गरेर विशेष अनुदानको रकम रु.१,१६,०६,९२७ खर्च लेखेको छ। कार्यविधि विपरीत खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | योजनाको नाम | उपभोक्ता समितिको नाम | खर्च रकम रु. |
|---|---|---|---|
| १ | मदरसा दारुत तौहिद प्रा.वि. मा वाउण्ड्री वाल निर्माण | मदरसा दारुत तौहिद प्रा.वि. मा वाउण्ड्री वाल निर्माण उपभोक्ता | ३६२४३२ |
| २ | मदरसा अहले सुन्नत फैजे गौसियाको भवन मर्मत तथा झ्याल ढोका निर्माण | मदरसा अहले सुन्नत फैजे गौसियाको भवन मर्मत तथा झ्याल ढोका निर्माण उपभोक्ता समिति | ३८५८१२ |
| ३ | मदरसा अहले सुन्नत गौसिया प्रा.वि. को अधुरो भवन निर्माण | मदरसा अहले सुन्नत गौसिया प्रा.वि. को अधुरो भवन निर्माण उपभोक्ता समिति | ३५९३०१ |
| ४ | श्री लौटन राम द्रौपदी देवी मा.वि. को फिल्ड व्यवस्थापन | श्री लौटन राम द्रौपदी देवी मा.वि. को फिल्ड व्यवस्थापन उपभोक्ता समिति | ९८२०१ |
| ५ | श्री जन ज्योति आधारभूत विद्यालय भवनमा टिनको छाना लाउने | श्री जन ज्योति आधारभूत विद्यालय मानपुर उपभोक्ता समिति | १८७१६३ |
| ६ | श्री नाथ बाबा मन्दिरको छत रेलिङ्ग तथा अन्य मर्मत | श्री नाथ बाबा मन्दिरको छत रेलिङ्ग तथा अन्य मर्मत उपभोक्ता समिति | २२८६९२ |
| ७ | पत्थरदेईया जल उपभोक्ता संस्था कूलो मर्मत | पत्थरदेईया जल उपभोक्ता संस्था कूलो मर्मत उपभोक्ता समिति | ६२९१२७ |
| ८ | बडसडुवामा शिव मन्दिर मर्मत वडा न ७ | बडसडुवामा शिव मन्दिर मर्मत वडा न ७ उपभोक्ता समिति | १७७३१३ |
| ९ | श्री आधारभूत विद्यालय नेवलागञ्ज तटबन्ध निर्माण | आधारभूत विद्यालय नेवलागञ्ज उपभोक्ता समिति | ४८५००० |
| १० | श्री दुधाधारी माध्यमिक विद्यालय गुगौली वाउण्डरी वाल निर्माण | श्री दुधाधारी माध्यमिक विद्यालय गुगौली उपभोक्ता समिति | ५८२००० |
| ११ | श्री हरिबोध माध्यमिक विद्यालय शौचालय र गेट निर्माण | श्री हरिबोध माध्यमिक विद्यालय उपभोक्ता समिति | ५६८३४६ |
| १२ | समयमाई बालविकास केन्द्र फिल्ड व्यवस्थापन | समयमाई बालविकास केन्द्र उपभोक्ता समिति | ९१२४७ |
| १३ | श्री ज्योती वालशिक्षा प्रा.वि मा वाउण्डरी तथा माटो कटान | श्री ज्योती वालशिक्षा प्रा.वि मा वाउण्डरी तथा माटो कटान उपभोक्ता समिति | ४६८१०८ |
| १४ | श्री बघमरवा आधारभूत विद्यालय बघमरवामा बाउण्डरी र रंगरोगन | श्री बघमरवा आधारभूत विद्यालय बघमरवामा बाउण्डरी र रंगरोगन उपभोक्ता समिति | ६७४६०९ |
| १५ | श्री सचेतना आधारभूत विद्यालय वाउण्डरी, टिन मर्मत र पिसिसि ढलान | श्री सचेतना आधारभूत विद्यालय वाउण्डरी, टिन मर्मत र पिसिसि ढलान उपभोक्ता समिति | ४२८९१८ |
| १६ | श्री आधारभूत विद्यालय थरौलीमा शौचालय मर्मत र माटो पटान | श्री आधारभूत विद्यालय थरौलीमा शौचालय मर्मत र माटो पटान उपभोक्ता समिति | ४७७१५७ |
| १७ | श्री वालविकास केन्द्र हनुमाननगर घेरावार निर्माण | हनुमाननगर टोल विकास संस्था | ४७९६१७ |
| १८ | श्री नेपालतारा माध्यमिक विद्यालय महुवावारी गेट निर्माण | श्री नेपालतारा माध्यमिक विद्यालय महुवावारी उपभोक्ता समिति | २८९६९५ |
| १९ | श्री शिव मावि डालपुर अधुरो भवन निर्माण | श्री शिव मावि डालपुर अधुरो भवन निर्माण उपभोक्ता समिति | ३७०९४८ |
| २० | श्री पंचजन प्रावि महदेईया २ कोठा थप | श्री पंचजन प्रावि महदेईया उपभोक्ता समिति | १४४७४२१ |
| २१ | श्री जन जागृत माध्यमिक विद्यालय लहरौला शौचालय निर्माण | श्री जन जागृत माध्यमिक विद्यालय लहरौला उपभोक्ता समिति | ४६७२०० |

| | | | |
|---|---|---|---|
| २२ | श्री मदरसा हनफिया रजविया पत्थरदेइयामा तल्ला थप | श्री मदरसा हनफिया रजविया उपभोक्ता समिति | ३३८९७३ |
| २३ | श्री नेपाल तारा माध्यमिक विद्यालय भवनमा रंगरोगन | श्री नेपाल तारा माध्यमिक विद्यालय उपभोक्ता समिति | ३७२४८० |
| २४ | श्री त्रिनेत्र मावि नयाँ भवनमा २ कोठा थप | श्री त्रिनेत्र मावि विजयनगर ७ उपभोक्ता समिति | १२४९३६७ |
| २५ | मदरसा जानिया रजिविया लिलबनातमा रंगरोगन र माटो पटान | मदरसा जानिया रजिविया लिलबनात उपभोक्ता समिति | ३८७८०० |
| **जम्मा** | | | **१,१६,०६,९२७** |

| | |
|---|---|
| अनियमित भएको | १,१६,०६,९२७ |

५८ **आधारभुत स्वास्थ्य केन्द्र**

स्थानीय तहवाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्वन्धी मर्गदर्शन २०८१।८२ मा आधारभुत स्वास्थ्य केन्द्र संरचना सम्वन्धमा उल्लेख गरेको देखिदैन। पालिकाले स्थानिय तह स्वास्थ्य शाखा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्रका स्थायी कर्मचारीको तलव भत्ता शिर्षकवाट करारमा नियुक्त आधारभुत स्वास्थ्य केन्द्रमा अनमि १ जना रु.३२ हजार ९०० का दरले रु.४ लाख २७ हजार ७०० भुक्तानी गरेको छ ।स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्वन्धी मर्गदर्शन अनुसार रकम खर्च गर्नुपर्दछ ।

५९ **उत्कृष्ट विद्यालय**

शिक्षा कार्यक्रम कार्यान्वियन कार्यविधी २०८१।८२ अनुसार स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्दतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने। उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने व्यवस्था गरेको छ। कार्यान्वियन पुस्तिका अनुसार धार्मिक विद्यालयलाई उत्कृष्ट विद्यालय अनुदान दिने उल्लख नै नभएको अवस्थामा पालिकाले धार्मिक विद्यालय मदरा अहले सुन्नतलाई रु.२ लाख निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

६० **खर्चमा मितव्ययिता**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ। पालिकाले विनियोजन गरेका विभिन्न खर्च शिर्षकको रकमहरु खर्च गर्दा मितव्ययी एंव उपलब्धीपूर्ण तरिकाले खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सम्बन्धी खर्चमा रु.८४ लाख ४५ हजार, इन्धन खर्च कार्यालय प्रयोजनमा रु.१९ लाख ९९ हजार, इन्धन खर्च पदाधिकारीमा रु.१९ लाख ९६ हजार , भ्रमण खर्चमा रु.१५ लाख ३७ हजार, मर्मत खर्चमा रु.३४ लाख २५ हजार र विविध खर्चमा रु.१५ लाख ५७ हजार खर्च लेखेको छ। इन्धन खर्चको लगबुक, मर्मत खर्चको अभिलेख, भ्रमण खर्चको खाता अद्यावधिक नगरेको, कार्यालय सम्बन्धी खर्च र विविध खर्च समेतमा निम्नानुसार खर्च भएको देखिएकोले उक्त खर्चमा मितव्ययीता कायम गर्न वजेट तय गर्दा देखि नै ध्यान दिनुपर्ने देखिन्छ।

| सि.नं. | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय साम्रगी | ८४४५५८४ |
| २ | विविध खर्च | १५५७००० |
| ३ | इन्धन खर्च कार्यालय प्रयोजन | १९९९९७० |
| ४ | इन्धन खर्च पदाधिकारी | १९९५६१९ |
| ५ | भ्रमण खर्च पदाधिकारी | ४९९९७१ |
| ६ | भ्रमण खर्च कर्मचारी | १५३६९६७ |
| ७ | मर्मत खर्च | ३४२५३६१ |
| ८ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १४१४८३६ |
| ९ | अन्य कार्यालय सञ्चालन खर्च | ३५६८५१ |

### ६१ कानुनी तथा प्रेस सल्लाहकार

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७७ लुम्बिनी प्रदेशमा स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले प्रेस संयोजक राखि रु.२ लाख ४० हजार, अनुगमन संयोजक रु.२ लाख ४० हजार र कानुनी सल्लाहकारलाई रु.२ लाख १६ हजार गरी जम्मा रु.६ लाख ९६ हजार भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने देखिन्छ । साथै कानुन विपरित भएको यस्तो खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,९६,००० |

### ६२ स्थानीय तहका पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. ७८ लाख २ हजार सुविधा वापत भुक्तानी भएको छ।जुन सुविधा पालिकाको यस वर्षको आन्तरिक श्रोत रु.२ करोड ५ लाख ८ हजारको ३८.०४ प्रतिशत रहेको छ ।

### ६३ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा ऐन-२०७५ को दफा १८ अनुसार स्थानीय तहले तोकीएको ढाँचामा सामाजिक सुरक्षा अभिलेख व्यवस्थापन गर्ने व्यवस्था र सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि २०७७ को नियम २४ को १-६ सम्म बैंक खाता खोल्ने तथा भता वितराज गर्ने प्रकृयाको व्यवस्था रहेको, कार्यातयले त्रैमासिक रुपमा लाभग्राहीलाई भता वितरण गर्न बैंक मार्फत EFT गरि लाभग्राहीको खातामा रकम निकासा गरिएको, यस वर्षको अन्त्य सम्म पनि त्रैमासिक रुपमा तगत कट्टा अभिलेख तयार गरि सम्बन्धित बैंकचन भिडान गरि फिर्ता रकम नलिएकोले सोको एकिन हुन नसकेको ।

### ६४ निर्माण व्यवसायी कोष

निर्माण व्यवसाय ऐन २०५५ को दफा १७ प्रयोजनका लागी निर्माण व्यवसाय नियमावती २०५६ को नियम १४ अनुसार ०.१ प्रतिसत निर्माण व्यवसायी कोष कट्टी गर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्नानुसार ठेक्कामा निर्माण व्यवसायि कोष कट्टा गरेको नदेखिएकोले उपरोक्त रकम सम्वन्धित कोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं मिति | ठेक्का नं | व्यवसायिको नाम | रकम |
|---|---|---|---|
| ७।२०८२।३।२२ | २०/ २०८१२०८२ | मुसदिरा निमार्ण सेवा प्रा.लि. | ९३६७ |
| ४।२०८२।३।२२ | १९/ २०८४२०८२ | सुशिता कन्ट्रसन प्रा.लि. | ४९२० |
| जम्मा | | | १४२८७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२८७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : विजयनगर गाउँपालिका, कपिलवस्तु , विजयनगर गाउँपालिका , कपिलबस्तु

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०६३,२८६ | १८,७१७,३४७ | ५,५१८,८३७ | ० | ० | ६३५,८४० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २५,९३५,३१० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २५,९३५,३१० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५८२१५७७५.९७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८४८९८९५० | चालु खर्च | ३३७६२०९३.६४ |
| प्रदेश सरकारबाट अनुदान | ४०१३८९२० | पूँजीगत खर्च | १९९१००२०३.९ |
| राजश्व बाँडफाँट | १०६७५४८९४.५ | वित्तीय/अन्य व्यवस्था | ५०३९१५७४७.११ |
| आन्तरिक आय | २०५११७७७.३२ | | |
| अन्य आय | १८८०२९०८६.०९ | | |
| कुल आय | ७४०३३३६२७.९१ | कुल खर्च | ७३६७७८०४४.६५ |
| बाँकी मौज्दात | | ६१७७१३५९.२३ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकिकृत वित्तीय विवरण

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १३,३२,४९,८०८.८४ | ० | १३,३२,४९,८०८.८४ | ११,७३,४५,८७१.३४ | ० | ११,७३,४५,८७१.३४ |
| १३००० | अनुदान | | ३९,४५,३८,६८०.६३ | ० | ३९,४५,३८,६८०.६३ | ३४,३२,३५,१३०.२० | ० | ३४,३२,३५,१३०.२० |
| १४००० | अन्य राजस्व | | १,११,९६,६११.७८ | ० | १,११,९६,६११.७८ | ६६,५८,८३३.६८ | ० | ६६,५८,८३३.६८ |
| १५००० | विविध प्राप्ति | | २६,७४,६३७.०० | ० | २६,७४,६३७.०० | ७,७०,४१८.०० | ० | ७,७०,४१८.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ५४,१६,५९,७३८.२५ | | ५४,१६,५९,७३८.२५ | ४६,८०,१०,२५३.२२ | | ४६,८०,१०,२५३.२२ |
| ३ | चालु | | ३३,७६,२०,९३६.३५ | ० | ३३,७६,२०,९३६.३५ | ३०,३०,१६,७२५.६८ | ० | ३०,३०,१६,७२५.६८ |
| २१००० | पारिश्रमिक / सुविधा | | १७,४०,२५,३२९.०२ | ० | १७,४०,२५,३२९.०२ | १६,३१,२४,२८८.७६ | ० | १६,३१,२४,२८८.७६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १२,९५,०७,०३७.३३ | ० | १२,९५,०७,०३७.३३ | ११,९९,९४,०५७.९२ | ० | ११,९९,९४,०५७.९२ |
| २५००० | सहायता (Subsidy) | | २,७४,४२,५३५.०० | ० | २,७४,४२,५३५.०० | १,४८,३४,८९२.०० | ० | १,४८,३४,८९२.०० |
| २६००० | अनुदान | | २८,५६,५९५.०० | ० | २८,५६,५९५.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | | ३३,०१,१६६.०० | ० | ३३,०१,१६६.०० | ४२,९३,१५७.०० | ० | ४२,९३,१५७.०० |
| २८००० | अन्य खर्च | | ४,८८,२७४.०० | ० | ४,८८,२७४.०० | ७,७०,३३०.०० | ० | ७,७०,३३०.०० |
| ४ | पूंजीगत | | १९,९४,१२,६८९.८५ | ० | १९,९४,१२,६८९.८५ | १५,९०,१६,०४२.६७ | ० | १५,९०,१६,०४२.६७ |
| ३१११० | भवन तथा संरचना | | ६,३०,११,५६९.०० | ० | ६,३०,११,५६९.०० | ३,०५,९५,९३७.०० | ० | ३,०५,९५,९३७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २,९७,८६,७५०.०० | ० | २,९७,८६,७५०.०० | ६६,४०,८१४.०० | ० | ६६,४०,८१४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ५९,८७,०५२.५० | ० | ५९,८७,०५२.५० | ० | ० | ० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | १०,७७,१०७.०० | ० | १०,७७,१०७.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ९,७१,८६,४९३.३५ | ० | ९,७१,८६,४९३.३५ | ११,७३,३७,४११.६७ | ० | ११,७३,३७,४११.६७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ३४,४०,८२५.०० | ० | ३४,४०,८२५.०० | २४,००,००२.०० | ० | २४,००,००२.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ९,६४,७७१.०० | ० | ९,६४,७७१.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ५३,७०,३३,६२६.२० | | ५३,७०,३३,६२६.२० | ४६,२०,३२,७६८.३५ | | ४६,२०,३२,७६८.३५ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | ४६,२६,११२.०५ | | ४६,२६,११२.०५ | ५९,७७,४८४.८७ | | ५९,७७,४८४.८७ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (१०,७३,८१०.७९) | | (१०,७३,८१०.७९) | १,४१,१२,८८२.०४ | | १,४१,१२,८८२.०४ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | ३५,५२,३०१.२६ | | ३५,५२,३०१.२६ | २,००,९०,३६६.९१ | | २,००,९०,३६६.९१ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ५,८२,१९,०५७.९७ | | ५,८२,१९,०५७.९७ | ३,८१,२८,६९१.०६ | | ३,८१,२८,६९१.०६ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ६,१७,७१,३५९.२३ | | ६,१७,७१,३५९.२३ | ५,८२,१९,०५७.९७ | | ५,८२,१९,०५७.९७ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।